# जिल्ला समन्वय समितिको कार्यालय

सप्तरी, राजविराज
मधेश प्रदेश, नेपाल

Website: www.dccsaptari.gov.np
E-mail: info@dccsaptari.gov.np

पत्र संख्याः २०८१/८२
चलानी नं. २९६

मितिः २०८१/११/०५

श्री स्थानीय तह (सबै), सप्तरी ।
श्री संघीय तथा प्रादेशिक कार्यालयहरु (सप्तरी जिल्लास्थित सबै) ।

**विषयः प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

उपर्युक्त विषयमा मिति २०८१ फाल्गुन २ गते शुक्रबारका दिन जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा बसेको बैठकले यही मिति २०८१ फाल्गुन ६, ७ र ८ गते तीन दिनसम्म प्रजातन्त्र दिवस मनाउने सन्दर्भमा गरेका तपसिल निर्णयहरु कार्यान्वयन गर्नु/ गराउनु हुन अनुरोध छ ।

तपसिल

१ मिति २०८१ फाल्गुन ६, ७ र ८ गते सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ संस्थाका कार्यालयहरुमा छत, वरण्डा र परिसरमा मर्यादापूर्वक राष्ट्रिय झण्डा राख्ने ।

२ मिति २०८१ फाल्गुन ६, ७ र ८ गतेका दिन सबै कार्यालयहरु र आम नागरिकहरुको घर-घरमा साँझमा दीप प्रज्वलन गर्ने/ गराउने ।

३ जिल्ला स्वास्थ्य कार्यालय, सप्तरी र रेडक्रस, सप्तरीले संयुक्त रुपमा संयोजन गरी रक्तदान कार्यक्रम आयोजना गर्ने ।

४ सबै स्थानीय तहहरु र शिक्षा विकास समन्वय इकाइ, सप्तरीको समन्वयमा तत् पालिकाहरुमा फरक क्षमता भएका छात्र-छात्राहरुलाई शैक्षिक तथा खेलकुद सामाग्रीहरु वितरण गर्ने व्यवस्था मिलाई वितरण कार्य गर्ने/ गराउने ।

५ मिति २०८१ फाल्गुन ६ गते बिहान ७ बजे राजविराज नगरपालिकाको नेतृत्वमा वडा नं.७ स्थित शिव मन्दिर, भगवती मन्दिर, हनुमान मन्दिर, गजेन्द्र चौक, जनआन्दोलन चौक, राम मन्दिर आदि स्थानहरुमा सरसफाई गर्ने ।

६ मिति २०८१ साल फाल्गुन ७ गते बिहान ०८:०० बजे जिल्ला समन्वय समिति, सप्तरीको प्रांगनमा भेला भई प्रभात फेरी गर्ने र गजेन्द्र चौकमा कोण सभा गरी प्रभात फेरी कार्यक्रम समापन गर्ने ।

७ सप्तरीका सबै स्थानीय तहहरुले आ-आफ्ना क्षेत्र अन्तर्गत धार्मिक तथा पुरातात्विकस्थल र सार्वजनिक क्षेत्रहरुमा सरसफाई गर्ने/ गराउने तथा अन्य थप रचनात्मक कार्यक्रमहरुको आयोजना गर्ने/ गराउने ।

**बोधार्थः**

श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी, राजविराज ।

..................
(कुन्दन कुमार कर्ण)
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

CamScanner